

# युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पहल

युवा सशक्तीकरण, समाज रूपान्तरण

Co-funded by the European Union

OXFAM

© अक्सफाम नेपाल

लेखन
शबनम पोखेल

सम्पादन
रचना मुखिया

तस्बिर
रचना मुखिया

प्रकाशक
युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पहल

प्रकाशन
डिसेम्बर २०२४

यो प्रकाशनका लागि युरोपेली संघद्वारा सह-वित्तीय सहायता प्राप्त भएको छ । यसमा प्रस्तुत सामग्रीमा अक्सफाम नेपालको सर्वाधिकार रहेको छ र यसले युरोपियन युनियनको धारणालाई प्रतिबिम्बित गर्दैन ।

# प्राक्कथन

अक्सफामले नेपालमा जलवायु, लैङ्गिकता, जल सुशासनका विभिन्न पहलमार्फत सबै प्रकारका असमानता र सामाजिक अन्याय अन्त्य गर्न नागरिक धरातल र क्रियाकलापलाई सशक्तिकरण गर्ने कार्य गरिरहेको छ । अक्सफामले समावेशी स्थानीय साझेदारीमा गहिरो प्रतिबद्धताका साथ स्थानीय नेतृत्वमा आधारित मानवीय नेतृत्वलाई प्रोत्साहन गर्दछ । अक्सफामले आफ्नो सबै काम, संस्थागत संस्कृति, र व्यवहारमा नारीवादी दृष्टिकोणलाई अपनाउँछ ।

युवा नेतृत्वद्वारा लैङ्गिक समानता र सामाजिक समावेशीकरण पहल परियोजना, एक तीन वर्षे परियोजना थियो । कोभिड-१९ को संकटपछि, विकास प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशिताको लक्ष्य हासिल गर्न युवाहरूको नेतृत्वमा आधारित प्रयासहरूलाई प्रवर्द्धन गर्नका लागि यो परियोजना सुरू गरिएको थियो । यस परियोजनाले राजनीति र अर्थतन्त्रमा युवाहरूको सहभागिता प्रवर्द्धन गर्नका साथै कोभिड-१९ पछिको समयमा कर्णाली र सुदूरपश्चिम प्रदेशका युवाहरूको क्षमता विकास गर्न पनि सक्षम भयो ।

यस परियोजनाको मुख्य लक्ष्य युवाहरूलाई नीति निर्माण प्रक्रियाभित्र समावेशी युवा सहभागिता र अवसरहरूका लागि पैरवी गर्न सशक्त बनाउने रहेको थियो र सँग-सँगै लैङ्गिक समानता र सामाजिक समावेशिताप्रतिको उनीहरूको बुझाइ र प्रतिबद्धतालाई सुदृढीकरण गर्नु रहेको थियो ।

लैङ्गिक समानता तथा सामाजिक समावेशिता नीतिहरू कार्यान्वयन गर्न र युवाहरूलाई राजनीतिक नेतृत्वको भूमिकामा पूर्ण रूपमा समाहित गर्नका लागि विशेषगरी स्थानीय सरकारहरूले निरन्तर प्रतिबद्धता जनाउने सन्दर्भमा चुनौतीहरू अझै बाँकी छन् । उपयुक्त मञ्चहरूको सहजीकरण र अर्थपूर्ण संलग्नताहरूलाई सुदृढ गर्दै स्थानीय सरकार तथा युवाबीच सहकार्य र बुझाइ अभिवृद्धि गरी यी चुनौतीहरूको समाधान गर्ने सिलसिलामा यस परियोजनाले महत्वपूर्ण प्रगति गरेको छ ।

म यस परियोजनालाई सहयोग उपलब्ध गराई महत्वपूर्ण समर्थन प्रदान गरेकोमा युरोपियन युनियनप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । साथै, अक्सफाम नेपालको टोली र साझेदारहरूको अमूल्य योगदानको म उच्च प्रशंसा गर्दछु, र विशेषगरी युवा नेतृत्ववर्गको, जसको कठिन परिश्रम र सहकार्यले यस परियोजनाको सफलतामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस पुस्तिकाले युवाहरूका प्रेरणादायक कथाहरू र उनीहरूको जीवनमा आएका रूपान्तरणकारी परिवर्तनहरू समेटेको छ । यी कथाहरूले अन्य युवाहरूलाई प्रेरित तथा उत्साहित गर्नेछ र सबैका लागि समान तथा न्यायपूर्ण भविष्य हासिल गर्न युवाहरूको सक्रिय नेतृत्व सुदृढीकरणमा निर्णयकर्ता, विकास साझेदार र सहयोगीहरूको समर्थन जुटाउन मद्दत गर्नेछ भन्ने हामीले आशा लिएका छौं ।

Tripti Rai

**तृप्ती राई**
राष्ट्रिय निर्देशक
अक्सफाम नेपाल

# विषयसूची


| | |
|---|---|
| अक्सफाम इन्टरनेशनल | ६ |
| अक्सफाम नेपाल | ६ |
| लैङ्गिक न्याय | ६ |
| परियोजनाको बारेमा | ७ |
| परियोजनाका उपलब्धि | ८ |
| स्थानीय सरकारको चिन्तन (समीक्षा) | १० |
| वित्तीय साक्षरता कक्षा | १२ |
| तेस्रो पक्षलाई वित्तीय सहयोग (Financial Support to Third Parties) | १४ |
| स्थानीय लैङ्गिक हिंसा सेवा प्रदायकहरूको सुदृढीकरण र पीडितहरूलाई सहायता | १९ |
| युवा सञ्जाल गठन | २३ |
| रिफ्लेक्ट (Reflect Approach) | २५ |
| मेन्टरशिप | २७ |
| पुरूष रोल मोडेल | २८ |
| चुनौती र सिकाइ | २९ |

# अक्सफाम इन्टरनेशनल

अक्सफाम गरिबी र अन्याय अन्त्य गर्न असमानतासँग लड्ने मानिसहरूको विश्वव्यापी अभियान हो । स्थानीयस्तरदेखि विश्वस्तरका सबै क्षेत्रमा अक्सफामले दिगो परिवर्तनहरु ल्याउन मानिसहरूसँग मिलेर काम गर्दछ ।

अक्सफामको काम मानवअधिकारको सर्वव्यापकताको प्रतिबद्धतामा आधारित छ । विविधताद्वारा प्रेरित र तथ्यप्रमाण तथा अनुभवमा आधारित हाम्रा कार्यहरूमा हामी संसारका हरेक कुनामा रहेका गरिबी र अन्याय विरूद्धको पक्षधर रहन्छौं ।

हामीले अपनाएको अक्सफाम नेपाल नारीवादी पद्धतिले हाम्रा सबै विश्लेषण, कार्य र अन्तरक्रियालाई मार्गदर्शन गर्दछ ।

हाम्रो सोच भनेको न्यायपूर्ण र दिगो संसारको निर्माण गर्नु हो । यस संसारमा मानिसहरु र हाम्रो ग्रह न्यायिक अर्थतन्त्रको केन्द्रमा हुन्छन् । यस संसारमा महिला, किशोरी र बालिकाहरु लैङ्गिक हिंसा र विभेदबाट मुक्त रहन्छन् । यस संसारमा जलवायु सङ्कटलाई सीमित गरिन्छ र समावेशी तथा जवाफदेही शासन प्रणालीले सत्तामा रहेकाहरूलाई उत्तरदायी बनाउँछ ।

# अक्सफाम नेपाल

गरिबीविनाको न्यायपूर्ण समाज नै अक्सफाम नेपालको परिकल्पना हो जहाँ सबै महिला र पुरुषले सम्मानपूर्वक जीवन बाँच्न सक्छन्, आफ्नो अधिकार उपयोग गर्छन् र नेपालको सक्रिय नागरिकको रूपमा आफ्ना जिम्मेवारी वहन गर्छन् । अक्सफामले नेपालमा सन् १९८० को दशकदेखि काम गर्दैआएको छ । हामीसँग देशस्तरीय चार लक्ष्यहरु पूरा गर्न लैङ्गिक न्याय कार्यक्रम, पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम र उत्थानशीलता तथा जलवायु कार्यक्रम जस्ता तीनवटा अन्तरसम्बन्धित कार्यक्रमहरु छन् ।

अक्सफाम स्थानीय गैरसरकारी संस्थाहरु मार्फत् जनस्तरमा परियोजनाहरु सञ्चालन गर्दछ । मानवीय तथा विकास संस्थाको हैसियतमा अक्सफाम नेपालको दूरदृष्टि ग्लोबल साउथमा जरा गाडेको औपनिवेशिक (decolonial) नारीवादी दृष्टिकोणद्वारा सुसूचित सबै प्रकारका असमानता र सामाजिक अन्यायको अन्त्य गर्न नागरिक समाज र जनताका कार्यलाई सुदृढ बनाउनु रहेको छ ।

# लैङ्गिक न्याय

अक्सफामले लैङ्गिक असमानतालाई गरिबीको आधारभूत कारक मानेको छ । लैङ्गिक असमानता कम गर्न, महिला तथा बालिका र लैङ्गिक अल्पसंख्यकहरूको मानवअधिकार सुनिश्चित गर्न समर्पित छ । लैङ्गिक न्यायका लागि अक्सफामको प्रतिबद्धता लैङ्गिक समानताको पैरवी गर्ने दिगो विकास लक्ष्य ५ अनुरूप छ । यसका लागि अक्सफाम नेपालले लैङ्गिक मूलप्रवाहीकरण र एउटा अलग्गै (स्ट्यान्डअलोन) लैङ्गिक न्याय विषयगत क्षेत्र गरी दुईवटा अवधारणा अवलम्बन गरेको छ ।

लैङ्गिक न्याय कार्यक्रम महिला तथा बालिकालाई हिंसामुक्त जीवन सुनिश्चित गर्न प्रतिबद्ध छ । यस अन्तर्गत महिला तथा बालिकालाई स्वतन्त्र रोजाइ, समान अवसर, बृहत् नेतृत्वदायी पद धारण गर्न सशक्तीरण गरिन्छ ।

यस कार्यक्रमले महिला तथा बालिकामाथि हुने हिंसाविरूद्ध कार्य गरी महिलाको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्दछ । साथै, कार्यक्रमले महिला नेताहरूको सामाजिक र लैङ्गिक रूपान्तरणकारी नेतृत्वको सम्भावना सकार पार्न क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ ।

# परियोजनाको बारेमा

युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पहल- युरोपियन युनियनबाट सहायता प्राप्त तीन वर्षे परियोजना हो । यसको कार्यान्वयन अक्सफामद्वारा लैङ्गिक न्याय कार्यक्रम अन्तर्गत युवालय र सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) सँगको साझेदारीमा गरिएको थियो । परियोजनाको मुख्य उद्देश्य कर्णाली र सुदूरपश्चिम प्रदेशका युवाहरूको राजनीतिक तथा सामाजिक-आर्थिक सहभागिता अभिवृद्धि गर्नका साथै कोभिड - १९ पश्चातको नेपालको विकास प्रक्रियामा युवा नेतृत्वमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्नु रहेको थियो ।

यस परियोजनाले गुणस्तर सुनिश्चित गर्न र युवाहरूमा आधारित कार्य र विश्लेषणात्मक सुझावका लागि सहयोग गर्न एउटा रणनीतिक सञ्जालका रूपमा युथ साउन्डिङ बोर्ड (YSB) को समूहलाई समावेश गरेको छ । युवा सशक्तीकरणको विषय अन्तर ाष्ट्रिय साझेदारीका लागि युरोपियन युनियनको उच्च प्राथमिकता रहेको छ । युथ साउन्डिङ बोर्ड युरोपेली संघका कार्यहरूमा प्रभाव पार्न, त्यसलाई युवाहरूको पक्षमा थप सहभागितामूलक, सान्दर्भिक र प्रभावकारी बनाउन परामर्श दिनका लागि नेपाली युवाहरूको एउटा स्थान हो । यो नेपालसँग युरोपेली युनियनको साझेदारीलाई मार्गदर्शन गर्न युवा आवाजलाई एकै ठाउँमा ल्याउन डिजाइन गरिएको सहभागिता सम्बन्धी पूर्ण समावेशी मञ्च (प्लेटफर्म) हो ।

यस परियोजनाले नेपालको युथ साउन्डिङ बोर्डको पहिलो र दोस्रो समूहका कुल ५० जना युवासँग मिलेर काम गरेको थियो । युथ साउन्डिङ बोर्डका युवाले विभिन्न विषयगत क्षेत्रको प्रतिनिधित्व गरेका थिए । ती विषयगत क्षेत्र यस प्रकार छन्: (१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, (२) जलवायु परिवर्तन तथा युवा र शासन । युवा-नेतृत्वको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समूहसँग मिलेर काम गरी परियोजनाका केही निश्चित भागहरूका बारेमा उनीहरूको विशेषज्ञता उपयोग गर्न र नेपालले सामना गरिरहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी चुनातीहरूबारे बुझ्न एउटा माध्यम प्रदान गरेको छ ।

### परियोजना मुख्य दुईवटा क्षेत्रमाथि केन्द्रित थियो:

### १. युवाहरूको क्षमता विकास:

१.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पैरवी, नीति संवाद, अभियान र अनौपचारिक शिक्षाका बारेमा ज्ञान अभिवृद्धि गर्न, युवाहरूको शासनमा युवा क्षमता विकास गर्न र युवाहरू मार्फत विभिन्न मञ्च (प्लेटफर्म) मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पैरवी सुनिश्चित गर्न सबैयुवाका लागि मञ्च प्रदान गर्ने ।

१.२. स्थानीय शासनमा युवाको क्षमता अभिवृद्धि गर्न र समावेशी युवा लक्षित बजेटका लागि स्थानीय सरकारको योजना प्रक्रियामा युवाहरूको सहभागिता सुनिश्चित गर्न वडा र नगरपालिका स्तरमा युवा संरचना निर्माण गर्न सहयोग गर्ने ।

१.३. स्थानीय युवाहरूको आर्थिक वृद्धि र वित्तीय सुरक्षा सुनिश्चित गर्न तेस्रो पक्षलाई व्यावसायिक तालिम र वित्तीय अनुदान सहयोग मार्फत वित्तीय साक्षरता र लघु व्यवसायमा युवाहरूको क्षमता अभिवृद्धि गर्ने ।

### २. स्थानीय शासन, सेवा प्रदायक र अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि:

२.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति मार्फत स्थानीय शासनमा प्रभाव पार्न र सहयोग गर्न समुदायलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सेवा तथा अवसरहरूमा मूलप्रवाहीकरण गर्न मद्दत गर्ने ।

२.२. राष्ट्रिय युवा परिषदका नीति तथा निर्देशिकाले तोके बमोजिम स्थानीय शासनले स्थानीय युवा परिषदको संरचना निर्माण सुनिश्चित गर्न स्थानीय शासनलाई सहयोग गर्ने ।

२.३ लैङ्गिक हिंसा सम्बन्धी सेवा र उजुरीमा पीडितहरूको सम्मानजनक र सहज पहुँच सुनिश्चित गर्न पीडितमुखी अवधारणा र प्रेषण संयन्त्रमा लैङ्गिक हिंसा सम्बन्धी सेवा प्रदायकहरूको क्षमता विकास गर्ने ।

२.४. स्थानीय युवालाई दिगो आर्थिक सुरक्षामा सहयोग पुऱ्याउने सहकारी तथा वित्तीय संस्थाहरूसँग दिगो कारोबार गर्ने सुनिश्चित गर्न स्थानीय सहकारी तथा वित्तीय संस्थाहरूसँग वकालत र समन्वय गर्ने ।

# परियोजनाका उपलब्धि

तीन महिने वित्तीय साक्षरता तालिममा सहभागी भई ९०७ जना युवा (६६८ महिला) वित्तीय साक्षरता सम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गरे

**वित्तीय साक्षरता तालिम**

३०१/९०७ युवा (२३१ महिला) ले विभिन्न स्थानीय वित्तीय सहकारी र बैंकसँग कारोबार गरेको

**युवालाई स्थानीय वित्तीय सहकारी र बैंकसँग सम्बन्ध राख्न सहयोग**

१०१ जना युवा (७० प्रतिशत महिला) ले वित्तीय साक्षरता सम्बन्धी ज्ञान प्राप्त गरी परियोजनाको एक वर्षभित्र आफ्नै व्यवसाय (कुखुरा पालन, च्याउ खेती, कुखुराको पोथी हुर्काउने, बाख्रा पालन) लाई सुदृढ बनाए

**व्यवसाय सुरु (स्टार्टअप)**

थप ५५ जना इच्छुक युवा (४३ महिला) लाई आफ्नो रोजाइको करियर छनौट कार्यमा सघाउन करियर परामर्श तालिम दिइएको

**करियर परामर्श तालिम**

युवाहरूले ८८ वटा व्यावसायिक योजना/प्रस्ताव तयार गरी तेस्रो पक्षलाई वित्तीय सहायता प्राप्तिका लागि पेश गरिएको

**वित्तीय अनुदान सहायताको अवसर आह्वान**

स्थानीय तहसंगको सहकार्यमा तेस्रो पक्षलाई वित्तीय सहायता प्राप्तिका लागि ३१ जना (३ पुरुष सहित) उत्कृष्ट युवा उद्यमी छनौट गरिएको

**वित्तीय अनुदान सहायता प्रदान**

छनौट गरिएका ३१ जना युवाले आफ्ना व्यावसायिक उत्पादनको विद्यमान बजारबारे बुझाइ प्राप्त गरेको

युवाहरूले व्यावसायिक प्रस्ताव तयार गर्ने तरिका, खरिद प्रक्रिया, आपूर्ति शृंखला, मूल्य शृंखला र आफ्ना उत्पादनको बजारीकरणका बारेमा बुझाइ प्राप्त गरेको

**उद्यमशीलता विकास तालिम**

३१ जनाले लघु उद्यम स्थापना गरेको

२८ जनाले आय आर्जन गर्न सुरु गरिसकेको

**व्यवसाय सुरु (स्टार्टअप)**

बजार विस्तारका लागि वित्तीय साक्षरता कक्षाका अन्य सहभागी लगायत तेस्रो पक्षलाई वित्तीय सहायता योजना लक्षित सहभागीहरूलाई निरन्तर सहायता प्रदान गरी जिल्लाभित्र र बाहिरका विद्यमान आपूर्ति शृंखलाका बारेमा उद्यम विकास सहजकर्ता र युवा सहजकर्ता मार्फत सूचित गरिएको

**आपूर्ति शृंखला र बजार सम्बन्ध**

तेस्रो पक्षलाई वित्तीय सहायता प्राप्त ३१ वटा लक्षित व्यवसायका सहभागीहरूले परियोजनाको सहयोगमा स्थानीय तहमा साना तथा मझौला उद्यम अन्तर्गत दर्ता गराइसकेका छन् ।

परियोजनाको पैरवीमा सहभागीहरूले ८ वटा पशुपन्छी बीमा गरेका छन्

**व्यवसाय दर्ता**

व्यवसायको दिगोपनाका लागि तेस्रो पक्षलाई वित्तीय सहायता योजनाका लागि लक्षित २४ जना लक्षित युवालाई व्यावसायिक तालिम प्रदान गरिएको

**थप सीप विकासको आवश्यक रहेका र तेस्रो पक्षलाई वित्तीय सहायता योजनामा छनौट नभएका युवालाई व्यावसायिक तालिम**

**४**

४ वटा लक्षित पालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र युवा परिषद् निर्देशिका तयार गरिएको ।

**३४**

३४ वटा वडास्तरीय युवा क्लब गठन गरिएको ।

**४**

४ वटा पालिकाले नगरस्तरीय युवा सञ्जाल गठन गरेको ।

**३**

युवा परिषद निर्देशिका बमोजिम हाल ३ वटा पालिकाको संरचनामा औपचारिक स्थानीय युवा परिषद रहेको ।

**४**

नीति कार्यान्वयनको लागि हाल सबै ४ पालिकासँग परियोजनाको सहयोगमा तयार गरिएको रणनीतिक कार्ययोजनाको व्यवस्था रहेको ।

## क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा, युवा शासन र पैरवीमा युवाको क्षमता अभिवृद्धिः

युवाहरूको सहभागिता र अवसरहरूको वकालतका लागि नीति निर्माताहरूमाझ **५ वटा संघीयस्तरीय, २ वटा प्रदेशस्तरीय र ६ वटा स्थानीयस्तरीय नीति संवादको** नेतृत्व युवाहरूले गरेका थिए । यसमा **२८४ जना युवा सहभागी** थिए ।

स्थानीय सरकारको भूमिका, संरचना, कार्य र जवाफदेहीता सम्बन्धी अवधारणा स्पष्ट पार्न आयोजित सुशासन तालिममा **९२ जना युवाको सहभागिता** थियो ।

स्थानीय सरकारको प्रशासन तथा राजनीतिक संरचना र संयन्त्र बुझ्न **१६ जना स्थानीय युवालाई** स्थानीय सरकारमा प्रशिक्षार्थी (इन्टर्न) का रूपमा काम गर्ने अवसर प्रदान गरिएको थियो ।

हानिकारक सामाजिक मान्यता, र स्वदेशमा युवा अधिकार र अवसर सम्बन्धी एजेन्डामा युवाहरूले **२४ वटा अन्तर पुस्ता संवादको** नेतृत्व गरेका थिए, जसमा **५७१ जना स्थानीय युवा** सहभागी भए ।

स्थानीय शासनलाई रणनीतिक साझेदारको हैसियतमा सहयोग गर्न छाया शासनका रूपमा युवाहरूको **४ वटा समूह गठन** गरिएको थियो ।

## ख. सेवा प्रदायकहरूको क्षमता विकास र अन्तरसम्बन्धः

### १. १६ वटा सेवा प्रदायकहरूसँग समन्वय र क्षमता विकास मार्फत (एकद्वार संकट व्यवस्थापन केन्द्र, वडा, नगरपालिका महिला शाखा, स्वास्थ्य चौकीहरू समेत)

सुरक्षित आवास (सेफ हाउस) र एकद्वार संकट व्यवस्थापन केन्द्रद्वारा **२५ वटा घटना** कानूनी सहायताका लागि अक्सफामको स्थानीय साझेदार सीमान्तकृत महिलाहरूका लागि महिला संस्थामा पठाइएको थियो, जहाँ उनीहरूले कानूनी सहायता (द्रुत प्रतिकार्य) प्राप्त गरे ।

**४ वटा लक्षित पालिकाभित्र** लैङ्गिक हिंसा प्रेषण मार्ग नक्साङ्कन गरी स्थापित गरिनुका साथै स्थानीय समुदायलाई त्यस बारेमा  सूचित गरिएको ।

**४२ जना लैङ्गिक हिंसा पीडितले** कानूनी अधिकार र प्रक्रिया, एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षित आवास (सेफ हाउस) सेवा, प्रेषण र उजुरी संयन्त्र सम्बन्धी बारेमा तालिम प्राप्त गरेको ।

### २. स्थानीय वित्तीय संस्था, सहकारी संस्था र युवाहरूमाझ गरिएका पैरवी र अन्तरक्रिया बैठक मार्फत

हाल **३१० (२३१ महिला सहित)** युवाहरूले स्थानीय वित्तीय संस्था, सहकारी र बैंकहरूसँग आबद्ध भई कारोबार गरिरहेको ।

### ३. यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा युवाहरूको पहुँच बढाउन

युवा परामर्श सेवा केन्द्र स्थापना गर्न **४ वटा स्वास्थ्य चौकीलाई** सहयोग प्रदान गरिएको ।

# स्थानीय सरकारको चिन्तन (समीक्षा)

"परियोजनाले युवाहरूलाई सशक्त बनाउन र आर्थिक वृद्धिलाई बढावा दिन महत्वपूर्ण भूमिका खेलेको छ । युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजना मार्फत नगरवासीलाई प्रदान गरिएको वित्तीय सहायता उल्लेखनीय छ । यसले समुदायलाई आयआर्जनको अवसर प्रदान गरेको छ । आर्थिक विकास प्रवर्धन गरी गरिबी घटाउने नगरपालिकाको लक्ष्य अनुरूप काम गर्ने संस्थाहरूसँग भविष्यमा पनि साझेदारी हुनेमा म आशावादी छु ।" - गौरी सिंह रावल, नगर प्रमुख, पाटन नगरपालिका, बैतडी जिल्ला, सुदूरपश्चिम प्रदेश




"यस परियोजनाको सबैभन्दा राम्रो पक्ष भनेको नीति संवादका लागि मञ्च प्रदान गरी नमूना संसद, सुशासन, र छाया शासन सम्बन्धी तालिम मार्फत युवाको क्षमता अभिवृद्धि गर्नु रहेको थियो । परियोजनाले वित्तीय अनुदान प्रदान गरी आर्थिक सशक्तीकरणलाई टेवा पुऱ्याएको छ । यसबाट धेरै युवा आफ्नो व्यवसाय सञ्चालन गरी आय आर्जन गर्न सक्षम भएका छन् ।

नगर उपप्रमुखको हैसियतमा मैले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेटको मापदण्ड अनुरूप बजेट उपयोग गर्न पैरवी गर्दै आएको छु । परियोजनाको सहयोगमा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले हामीमा केही स्तरको चेतना ल्याएको छ । नगरपालिकाले परियोजनाको सहयोगमा तयार गरिरहेको रणनीतिक कार्ययोजनाले थप स्पष्टता र बजेट विनियोजनमा सहयोग पुग्ने विश्वास लिएको छु ।" - कमल सिंह बोहरा, नगर उपप्रमुख, पाटन नगरपालिका, बैतडी जिल्ला, सुदूरपश्चिम प्रदेश






“युवालय, सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) र अक्सफामका प्रतिनिधिहरूले हामीसँग सम्पर्क गरी यस परियोजनाका बारेमा अवगत गराउँदा हामी खुसी भयौं । परियोजनाको मुख्य सबल पक्ष भनेको यस पालिकाको लक्ष्यसँग मिल्दोजुल्दो रहनु थियो । हरेक क्रियाकलाप तथा योजनाका लागि हामी र नगर परियोजना परामर्श समितिसँग समन्वय गरिएको छ ।

युवा क्षमता विकास र पालिका क्षमता अभिवृद्धिलाई एकसाथ अगाडि परियोजनाको दोहोरो लक्ष्यबाट म प्रभावित भएँ । यस अवधारणाले पालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र योजना प्रक्रियामा युवा सहभागिताको महत्व राम्रोसँग बुझ्न सक्षम बनाएको छ ।

हाम्रो पालिकामा हाल लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको व्यवस्था भएपनि यसको कार्यान्वयन चुनौतीपूर्ण छ । परियोजनाको सहयोगमा तयार गरिएको रणनीतिक कार्ययोजना मार्फत पालिकाले नीति कार्यान्वयनलाई प्राथमिकता दिनेछ भन्ने विश्वास लिएको छु ।” - गणेश बहादुर थापा, अध्यक्ष, भगवतीमाई गाउँपालिका, दैलेख जिल्ला, कर्णाली प्रदेश

“विगत तीन वर्षको अवधिमा यस परियोजनाले पालिकासँगको सहकार्यमा भगवतीमाई गाउँपालिकाका पाँचवटा वडामा आर्थिक, सामाजिक र जातीय रूपमा कमजोर रहेका समूहहरूसँग मिलेर काम गरेको छ ।

परियोजनाले सीमान्तकृत समुदायलाई लक्षित गरी कार्य गरेकोमा म सन्तुष्ट भएकी छु । म स्वयंले पनि परियोजनाद्वारा सञ्चालित रिफ्लेक्ट र वित्तीय साक्षरता कक्षामा भाग लिएँ । रिफ्लेक्टले युवालाई लैङ्गिक हिंसा रोकथाम, लैङ्गिक समानता, युवा अधिकार, र सामाजिक नक्शांकनका बारेमा ज्ञान प्रदान गर्नुका साथै सशक्तीकरण गरेकोमा म ज्यादै प्रभावित भएँ । साथै, वित्तीय साक्षरता कक्षाले युवा विशेषगरी महिलाहरूलाई वित्तीय व्यवस्थापनबारे बुझ्न मद्दत गरेको छ ।

यस परियोजनाले भगवतीमाई गाउँपालिकाका सातजना महिला युवा उद्यमीलाई वित्तीय अनुदान प्रदान गरी आफ्नै व्यवसाय सुरू गर्न र आय आर्जन गर्न सशक्त बनायो । यस पालिका र एकद्वार संकट व्यवस्थापन केन्द्रसँगको सहकार्यमा यस परियोजनाले लैङ्गिक हिंसा पीडितहरूलाई कानूनी सहायता समेत प्रदान गरेके छ । परियोजनाले गरेको कामको म प्रशंसा गर्छु ।

युवा उद्यमीहरूको घर-परिवारमा गएर उनीहरूका प्रगति, चुनौती र आवश्यकताहरूको लेखाजोखा गर्न म प्रतिबद्ध छु । पालिकाले यी महिला उद्यमीहरूलाई व्यवसाय निरन्तरताका लागि कृषि औजार, व्यावसायिक तालिम र सीप विकास तालिम जस्ता विभिन्न सहयोग संयन्त्रको पनि व्यवस्था गरेको छ ।” - मीना कुमारी खड्का, उपाध्यक्ष, भगवतीमाई गाउँपालिका, दैलेख जिल्ला, कर्णाली प्रदेश

# वित्तीय साक्षरता कक्षा

परियोजनाका प्रारम्भिक भागहरूमध्ये एक रहेको वित्तीय साक्षरता कक्षा व्यक्तिलाई आफ्नो वित्त सम्बन्धी प्रभावकारी रूपमा बुझ्न र व्यवस्थापन गर्न मद्दत गर्ने उद्देश्यले डिजाइन गरिएको थियो । युवालाई आर्थिक उन्नतीमा सघाउन बजेट, बचत, लगानी, ऋण व्यवस्थापन र अन्य वित्तीय विषयवस्तुबारे सुसूचित निर्णय लिन आवश्यक ज्ञान र सीप प्रदान गर्नु यसको लक्ष्य थियो । परियोजनाको पहिलो र दोस्रो वर्षमा तीन महिने कक्षा सञ्चालन गरिएको थियो । प्रारम्भिक चरणमा विशिष्ट समूहहरूलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान प्रदान गर्न प्रशिक्षक प्रशिक्षण तालिम कार्यान्वयन गरियो । त्यसपछि, यसरी प्रशिक्षित व्यक्तिहरूले वित्तीय साक्षरता कक्षाका दुईवटा सत्र सञ्चालन गरे, जसमा ६६८ जना महिला सहित कुल ९०७ युवा सहभागी थिए । वित्तीय साक्षरता कक्षाले परियोजनाको मापदण्डमा उल्लेख भए बमोजिम सङ्कटासन्न र सीमान्तकृत युवाहरू (पुरूष र महिला दुवै) लाई समेटेको थियो ।

## वित्तीय साक्षरता कक्षामार्फत आत्मविश्वास र वित्तीय सुरक्षाको जग निर्माण

युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजना अन्तर्गत सञ्चालित वित्तीय साक्षरता कक्षाले ३० वर्षीया कृष्ण कुमारी शर्माको जीवनमा निकै सकारात्मक प्रभाव पारेको छ । कक्षाले उनको वित्तीय ज्ञान मात्र सुधार गरेन, आत्मसम्मान पनि बढायो । बालविवाह र आर्थिक चुनौतीका बाबजुद कृष्ण कुमारी र उनका श्रीमानले दृढताका साथ काम गरिरहेका छन् ।

कर्णाली प्रदेशको दैलेख जिल्लास्थित भगवतीमाई गाउँपालिका-१ की कृष्ण कुमारी शर्मा श्रीमान र दुई छोरीसँग बस्छिन् । आज उनी कस्मेटिक पसल र एउटा सानो किराना पसल चलाउँछिन् भने उनका श्रीमान एक स्थानीय गैरसरकारी संस्थामा काम गर्छन् ।

१२ कक्षा उत्तीर्ण गरेकी कृष्ण कुमारीले आफ्नो परिवारलाई सहयोग गर्न सन् २००८ मा किराना पसल सुरू गरिन् । यसबाट हुने थोरै आम्दानीले दैनिक खर्च धान्न मद्दत गऱ्यो, तर सन्तानका लागि राम्रो वातावरण






मिलाउन भने अझै संघर्ष गर्नुपर्‍यो । कोभिड-१९ को महामारीले अरू चुनौती थपेपछि यो दम्पतीको केही उत्प्रेरणा र जाँगर घट्यो ।

कृष्ण कुमारीका लागि वित्तीय साक्षरता कक्षा एउटा नयाँ मोड भएर आयो । कक्षाले उनको वित्तीय ज्ञानमा मात्र सुधार गरेन , आत्मविश्वास र उत्प्रेरणालाई पनि बढायो । बचत, ऋण र वित्तीय योजना निर्माणका बारेमा पाएको ज्ञानले उनलाई सुसूचित वित्तीय निर्णयहरू गर्न सक्षम बनायो । वित्तीय साक्षरता कक्षाले उनलाई आफूमा कुनै कुराको कमी छ भन्ने भावना हटाउन मद्दत गरी लक्ष्यतर्फ अगाडि बढ्न प्रेरित गर्‍यो ।

वित्तीय साक्षरता कक्षा पूरा गरेपछि कृष्ण कुमारीले आफ्नो हालको किराना पसलका अतिरिक्त कस्मेटिक पसल खोलेर व्यवसाय विस्तार गरिन् । उनी र उनका श्रीमानले अहिले स्थानीय बैंकमा बचत खाता खोल्नुका साथै जग्गामा लगानी गरेका छन् । यी आर्थिक प्रगतिले परिवारको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याएको छ, जसका कारण आफ्ना सन्तानलाई राम्रो हेरचाह र अवसर प्रदान गर्न सक्षम बनाएको छ ।

कृष्ण कुमारी आफ्नो आत्मविश्वास बढाउने कार्यको श्रेय वित्तीय साक्षरता कक्षालाई दिन्छिन् । उनी भन्छिन्, “कार्यक्रमले मलाई मेरो क्षमताको महसुस गर्न मद्दत गर्नुका साथै उद्यमशीलतालाई अगाडि बढ्न प्रेरित गरेको छ । मैले मेरो व्यवसायलाई निरन्तर विस्तार गरी वित्तीय रूपमा आत्मनिर्भर हुने आशा लिएकी छु ।”

# तेस्रो पक्षलाई वित्तीय सहयोग (FINANCIAL SUPPORT TO THIRD PARTIES)

तेस्रो पक्षलाई वित्तीय सहायता (Financial Support to Third Parties) अनुदानमा आधारित एउटा अवधारणा हो । युरोपीय संघद्वारा अतिसंवेदनशील समुदायहरूको सशक्तीकरणका लागि यस अवधारणाको प्रयोग गर्दै आएको छ । यस अवधारणा मार्फत युरोपेली संघले लैङ्गिक समानता, समावेशीकरण, जलवायु उत्थानशीलता, युवा शासन, र मानवीय मुद्दाहरूलाई सम्बोधन गर्ने पहलकमीलाई वित्तीय सहयोग प्रदान गर्दछ ।

परियोजनाको सन्दर्भमा तेस्रो पक्षलाई वित्तीय सहयोग दुईवटा प्राथमिक उद्देश्यका लागि कार्यान्वयन गरिएको थियो । ती हुन्: आय आर्जन र युवाको नेतृत्वमा कार्य । अक्सफामका स्थानीय साझेदारहरू सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) र युवालयले तेस्रो पक्षलाई वित्तीय सहयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन गरेका थिए । यी संस्थाले निर्देशिका तयारी पशुपालन, कृषि र साना व्यवसाय जस्ता विभिन्न उद्यमका लागि बढीमा रू. ७००,००० सम्मको अनुदान प्राप्त गर्न योग्य ३१ युवा उद्यमी (३ पुरुष सहित) छनौट गरे ।

साथै, तेस्रो पक्षलाई वित्तीय सहायता कार्यक्रमले हानिकारक सामाजिक प्रथा हटाउन, आदिवासी संस्कृतिको प्रवर्धन गर्न र डिजिटल सीप विकास गर्न लक्षित २१ वटा युवा-नेतृत्वको सामूहिक कार्यलाई सहयोग उपलब्ध गरायो ।

**सहकार्यात्मक उद्यमशीलता मार्फत महिला सशक्तिकरण:** डुङ्गेश्वर गाउँपालिकाकी दीपा थापा मगर (३४), जमुना बुढा थापा मगर (२५) र निर्मला आले मगर (३३) ले युवा नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजनाको सहयोगमा बाँसजन्य व्यवसाय सुरू गरेका छन् । बालविवाह र सीमित शिक्षाका बाबजुद पनि उनीहरूले आफ्नो आर्थिक अवस्था सुधार्न पहलकदमी लिएका छन् ।

दीपा, जमुना र निर्मलाले संयुक्त व्यापार सुरू गरी परिवारको आर्थिक अवस्था सुधार गर्ने उपाय रोजे । निर्मलाको बाँससँग सम्बन्धित शिल्प कलाबाट प्रेरित भएर उनीहरूले यो उद्यम गर्ने निर्णय गरे । बाँसको शिल्प कला तालिम लिएकी निर्मलाले कुर्सी, र्‍याक, ऐना जस्ता बाँसका सामानहरू स्थानीय तहमा बिक्री गर्न थालेकी थिइन् । तर, सीमित स्रोत साधनका कारण उनले उत्पादन बढाउन सकिनन् ।

यी तीन महिलाले तीन महिने वित्तीय साक्षरता कक्षामा सहभागिता जनाए । यसले वित्तीय व्यवस्थापनका बारेमा उनीहरूको बुझाइ बढाउन महत्वपूर्ण योगदान गर्‍यो । तालिमबाट प्रेरित भएर उनीहरूले सिमान्तकृत महिलाहरूका लागि महिला संस्थाका (WAM) सहजकर्ताको सहयोगमा बाँस उत्पादन व्यवसायका लागि एउटा व्यावसायिक योजना बनाई यस परियोजनाबाट तेस्रो पक्षलाई वित्तीय सहायता अनुदानका लागि आवेदन दिए । आफ्नो प्रस्ताव छनौट भएपछि उनीहरूले उद्यम विकास तालिममा सहभागी हुने अवसर पाए । यसले उनीहरूलाई वास्तविक खर्च र



अनुमान अनुसार व्यवसायको बजेट योजना परिमार्जन गर्न मद्दत गर्‍यो । उनीहरूले प्राप्त गरेको रू. ४००,००० बराबरको अनुदान प्राप्त बाँस र डोरी जस्ता कच्चा पदार्थ र आवश्यक उपकरण खरिद गरी बाँसको फर्निचर व्यवसाय सुरू गर्न उपयोग गरे ।

आज दीपा, जमुना र निर्मलाले आफ्नो बाँसको व्यवसायबाट मासिक करिब रू. ३०,००० नाफा कमाउँछन् । उनीहरूले दैलेख जिल्लाका स्थानीय बजारमा आफ्ना उत्पादन बिक्री गर्छन् । उनीहरूले संयुक्त बैंक खाता पनि खोलेका छन् । आर्जित नाफालाई उनीहरूले आफ्नो व्यवसाय पुनः लगानी गर्नुका साथै पारिवारिक आवश्यकताहरू जस्तैः औषधोपचार, शिक्षा, र विशेष अवसरहरूमा खर्च गर्छन् । परिवारले उनीहरूको उद्यमशीलता प्रयासलाई राम्रो साथ दिएको छ ।

उनीहरूको उद्यमशीलता र व्यवसायप्रतिको समर्पणलाई पालिकाले पनि सराहना गरेको छ । दीपा र जमुनाले हालसालै बाँसको शिल्प कला सम्बन्धी व्यावसायिक तालिम पूरा गरेका छन् । आफ्नो व्यवसायको मौसमी प्रकृतिलाई सम्बोधन गर्दै भविष्यमा हुने लागत घटाउन उनीहरूले आफ्नो जग्गामा बाँसको रूख रोप्न थालेका छन् ।

निर्मलाले भनिन्, “बाँस व्यवसायका लागि मनसुन प्रतिकूल मौसम हो, किनकि यस अवधिमा उत्पादित सामग्रीहरूमा ढुसी लाग्छ । तसर्थ, हामीले यो खाली समयलाई आफ्नै जग्गामा बाँसको रूख रोप्न उपयोग गरेका छौं । यसले हामीलाई उत्पादन लागत बचत गर्न मद्दत गर्नेछ । हामीले १० वटा बाँसको रूख रोपिसकेका छौं ।”

यी महिलाले स्थानीय बजारमा पसल खोलेर आफ्नो व्यवसाय विस्तार गरी ग्राहक संख्या बढाउने योजना बनाएका छन् । उनीहरू परियोजनाबाट प्राप्त सहयोगका लागि कृतज्ञ छन् । यसले उनीहरूको जीवनलाई पुनरूत्थान गरी आर्थिक वृद्धि हासिल गर्न सशक्त बनाएको छ ।



## वातावरणमैत्री दुना टपरीबाट उद्यमशीलता अभिवृद्धि

डुङ्गेश्वर गाउँपालिकाको प्रोत्साहनमा महिला उद्यमीहरूको एउटा समूहले दुना टपरी व्यवसाय सुरू गरेको छ । दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका-६ निवासी गंगा कुमारी गुरूङ (३२), शान्ति कुमारी लम्साल (२६) र ललिता थापा (२९) ले ' पाटी सौदा' नाम राखेर व्यवसाय सञ्चालन गरेका छन् ।

युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकण परियोजनाबाट अनुदान प्राप्त यस उद्यमले एकल-प्रयोग हुने प्लास्टिकका प्लेटलाई वातावरणमैत्री एवं परम्परागत दुना टपरीद्वारा प्रतिस्थापन गरी दिगो अभ्यास प्रवर्धन गर्ने लक्ष्य लिएको छ ।



यो समूहले आफ्नो व्यवसाय सुरू गर्न अनुदान बापत रू. ४५०,००० प्राप्त गरेको थियो । सो रकमको ठूलो हिस्सा दुना टपरी बनाउने मेसिन खरिदमा र बाँकी सञ्चालन खर्चका लागि छुट्याइएको थियो । धेरैभन्दा धेरै दर्शकसम्म पुगेर आफ्ना उत्पादनहरूको बजारीकरण गर्न महिला उद्यमीहरूले सामाजिक सञ्जाल विशेषगरी टिकटकबाट लाभ लिइरहेका छन् ।

“वित्तीय साक्षरता कक्षाअघि हामीसँग वित्तीय व्यवस्थापनका बारेमा थोरै मात्र ज्ञान थियो । हामी मुख्यतया घरायसी खर्च व्यवस्थापनमा केन्द्रित थियौं । वित्तीय साक्षरता कक्षामा सहभागी भएपछि यसले हामीलाई बचत र लगानीको महत्व सिकाएको छ । यसले हामीलाई आम्दानी बढाउन र साना व्यवसाय सुरू गर्न मद्दत गर्न सक्छ,” समूहका सदस्यहरूले भने ।

परियोजनामा आबद्ध हुनुअघि उनीहरू विशेषगरी घरधन्दा र पशुपालनमा संलग्न गृहिणी थिए । परियोजना मार्फत उनीहरू वित्तीय साक्षरता तालिम प्राप्त गरी वित्तीय संस्थासँग जोडिए । यसले उनीहरूलाई आफ्नै व्यवसाय सुरू गर्न सशक्त बनायो ।

“हाम्रा श्रीमान वैदेशिक रोजगारमा भएपनि उनीहरूको कमाइले मात्र घरायसी खर्च धान्न पुग्दैन । वित्तीय साक्षरता कक्षापछि सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) सँग सम्बद्ध कर्मचारी र पालिकासँग हाम्रो सम्पर्क बढ्यो । हामीले तेस्रो पक्षलाई वित्तीय सहायता अनुदानका बारेमा थाहा पायौं । व्यवसायिक योजना तयार गर्न सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) को उद्यम विकास सहजकर्ताको सहयोग लियौं । हाम्रो उक्त योजना छनौट भयो । हामीले दुई दिने उद्यमशीलता तालिममा पनि भाग लियौं । यसले हामीलाई हाम्रो व्यवसायिक योजना र बजेटलाई अझ परिष्कृत गर्न मद्दत गर्‍यो,” यी तीन महिलाले सुनाए ।

समूहका महिलाहरूले भने, “यस परियोजनाले हामीलाई सशक्त बन्ने र आफ्नै व्यवसाय सुरू गर्ने हाम्रो सपना साकार पार्न मद्दत गरेको छ । यो यथार्थमा परिणत हुन्छ भन्ने हामीले कल्पना पनि गरेका थिएनौं । यो परियोजनाकै कारण हामीले अमूल्य सीप र ज्ञान प्राप्त गरेका छौं । हाल हाम्रो व्यवसायले मासिक रू. १०,००० देखि १५,००० नाफा कमाएको छ । सफल उद्यमी बन्ने अवसर प्रदान गरेकोमा हामी परियोजना र यसमा संलग्न संस्थाहरूप्रति आभारी छौं ।”



## आकांक्षादेखि उपलब्धिसम्म

सुदूरपश्चिम प्रदेशको बैतडी जिल्ला, पाटन नगरपालिका-४ की उच्च माध्यमिक विद्यालयमा अध्ययनरत १८ वर्षीया छात्रा संगीता विश्वकर्माले वित्तीय साक्षरता र उद्यमशीलतामा रहेको शक्तिको उदाहरण प्रस्तुत गरेकी छन् । यति सानो उमेरमा उनी आर्थिक रूपमा आत्मनिर्भर भइसकेकी छन् । संगीता गर्वका साथ भन्छिन्, "मेरो आफ्नै आम्दानीले स्टेशनरी सामग्री र विद्यालयको मासिक शुल्कलगायतको खर्च धानेको छ ।"

उनले वित्तीय साक्षरता कक्षामा सहभागी भई सुसूचित वित्तीय निर्णय लिन आवश्यक ज्ञान र सीप हासिल गरिन् । सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) मार्फत उनले उक्त कक्षाका बारेमा थाहा पाएकी थिइन् । पाठ्यक्रम अनुसार तालिम पूरा गरेपछि उनले वित्तीय व्यवस्थापन, बचत, बैंकिङ, र ऋणका विकल्पहरूबारे ज्ञान हासिल गरिन् ।

तीन महिने कक्षा समाप्त भएपछि तेस्रो पक्षलाई वित्तीय सहायता अनुदान अन्तर्गत प्राप्त गर्न सकिने वित्तीय सहयोगका बारेमा सहभागीहरूलाई सूचित गराइएको थियो । अनुदान प्राप्तिका लागि आवेदकहरूले उपयुक्त व्यावसायिक योजना सहित आवेदन दिनुपर्ने व्यवस्था थियो । प्रतिस्पर्धात्मक रूपमा व्यावसायिक योजनाको सबल पक्षका आधारमा अनुदान प्राप्त गर्न योग्य आवेदकहरूको छनौट गरियो ।

संगीताले ब्यूटी पार्लर सञ्चालन गर्न एउटा सुदृढ व्यावसायिक योजना तयार गर्न सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) का सहजकर्ताको सहयोग लिइन् । अन्ततः उनको अथक परिश्रम सफलतामा परिणत भयो । अनुदानका लागि उनले तयार गरेको व्यावसायिक योजना छनौट भयो । छनौट भएका सहभागीहरूले उद्यम विकास तालिम लिई व्यावसायिक प्रस्ताव, वस्तु बजार, आपूर्ति श्रृंखला र खरिद प्रक्रियाका कसरी तयार गर्ने भन्ने बारेमा तालिम प्राप्त गरे । सो तालिमले उनलाई वास्तविक व्यावसायिक प्रक्रिया र उनको ब्यूटी पार्लरका लागि उपयुक्त स्थान छनौट गर्न मद्दत गऱ्यो ।

रू. ४५०,००० बराबरको वित्तीय सहायताबाट उनले उद्यमशीलता अगाडि बढाइन् । उनले एक महिने ब्यूटीसियन (सौन्दर्यकर्मी) तालिममा लिई आफ्नै ब्यूटी पार्लर खोल्न उक्त अनुदानको उपयोग गरिन् ।

पहिलेदेखि नै ब्यूटिसियन बन्ने संगीताको सपना अहिले साकार भएको छ । उनी आफ्नो व्यवसाय र पढाइलाई सहजै सन्तुलनमा राखेकी छिन् । उनी बिहान ६:०० देखि ८:०० बजेसम्म विद्यालयमा पढ्छिन् र बिहान ९:०० बजे ब्यूटी पार्लर खोल्छिन् । संगीताले दुईजना महिलालाई ब्युटिसियन तालिम दिइरहेकी छिन् ।

एउटा सामान्य पृष्ठभूमिबाट आएकी संगिताले न्यून आय भएको परिवारका चुनौतीहरूको सामना गरिकी छिन् । एउटा विद्यालयमा सहयोगी कर्मचारीका रूपमा कार्यरत उनका बुबाको थोरै तलब र विदेशमा वेटरका रूपमा उनको दाजुले आर्जन गर्ने कमाइले परिवारका आधारभूत आवश्यकताहरू पूरा गर्न पनि पुग्दैन । त्यसमाथि शैक्षिक खर्च त छँदैछ ।

"यो परियोजना नआएको भए म मेरो परिवारलाई सहयोग गर्न सक्षम हुने थिइनँ । यस परियोजनाले हामीजस्ता युवाहरूको क्षमता अभिवृद्धि गर्न र आर्थिक रूपमा आत्मनिर्भर बनाउन मद्दत गरेको छ," संगीता भन्छिन् ।



हाल उनले हप्ताको रू. ४,०००-५,००० आम्दानी गर्छिन् । उनकी कान्छी बहिनी सञ्जुले आफ्नो पढाइ सन्तुलनमा राख्दै ब्यूटी पार्लर चलाउन मद्दत गर्छिन् ।

तथापि, उनले एक युवा उद्यमीका रूपमा चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था त छँदैछ । अहिले पसल कोठाको भाडा निकै बढाइएकोले उनले अलिकति सस्तो भाडामा पाइने अर्को ठाउँ खोजिरहेको बताइन् ।

"ब्युटी पार्लर मौसमी व्यवसाय हो । आम्दानी स्थिर छैन । विवाहको सिजन र चाडपर्वमा अलि धेरै आम्दानी हुन्छ," उनले थपिन् ।

## उद्यमशीलता मार्फत परिवर्तनका लागि प्रेरणा

सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लास्थित पाटन नगरपालिका-६ की २५ वर्षीया निर्मला कुमारी अवस्थी पन्त गर्वका साथ भन्छिन्, "परियोजनाको सहयोगबाट सुरू गरेको पोल्ट्री (कुखुरा) फार्म व्यवसायमा सघाउन मेरा श्रीमानलाई भारतबाट फर्केर आउन प्रेरित गरेँ ।

१६ वर्षकै उमेरमा विवाह बन्धनमा बाँधिएकी र १० कक्षा मात्र उत्तीर्ण गरेकी निर्मलाले दृढ संकल्प र परिवारको उचित सहयोग लिएर आफ्नो सपना साकार गर्न सकिन्छ भन्ने प्रमाणित गरिन् ।

उनी सहभागी भएको वित्तीय साक्षरता कक्षा र तेस्रो पक्षलाई वित्तीय सहायता मार्फत प्राप्त अनुदानले निर्मलाको जीवनमा परिवर्तन ल्याएको छ । भारतको एक रेस्टुरेन्टमा काम गर्ने उनका श्रीमान अहिले पारिवारिक व्यवसायलाई सघाउन व्यस्त छन् ।

निर्मला र उनका श्रीमानले भाडामा लिएको जग्गामा व्यवसाय सञ्चालन गरिरहेका छन् भने उनीहरूका दुई छोरीहरू उनको सासु-ससुरासँग बस्छन् । छिमेकीहरूको आलोचनाका बीच निर्मला आफ्नो कामप्रति दृढ छिन् । उनले आफ्नो मासिक आम्दानी रू. १६,००० बाट रू. ३०-४०,००० पुऱ्याएकी छन् । आफ्नो व्यवसाय विस्तार गरी स्थानीय युवाहरूका लागि रोजगारीको अवसर सिर्जना गर्ने उनको चाहना छ ।

निर्मला भन्छिन्, "हाम्रो समुदायमा यस परियोजना कार्यान्वयन गरेकोमा म अक्सफाम तथा सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) प्रति धेरै कृतज्ञ छु ।"

उनी तीन महिने वित्तीय साक्षरता कक्षामा सहभागी भइन् । यसले उनलाई वित्तीय व्यवस्थापनको बारेमा बुझ्न मद्दत गऱ्यो । त्यसपछि उनले परियोजनाबाट वित्तीय सहयोग र उद्यमशीलता विकास तालिम समेत प्राप्त गरिन् ।

परियोजनाबाट प्राप्त रू. २५०,००० अनुदानबाट निर्मलाले सुरूमा ४०० वटा कुखुराका चल्ला खरिद गरी पोल्ट्री (कुखुरा) फार्म स्थापना गरिन् । उनले पहिलो लट बाटै रू. ७०,००० अम्दानी गरिन् । तथापि, उनले सरूवा रोगको प्रकोपका कारण कुखुराको दोस्रो लट मा केही घाटा सहनुपऱ्यो । उनले कुखुराको बीमा गरेको कारण क्षतिपूर्ति बापत रू. ४५,००० पाइन् ।

हाल निर्मलाले नजिकैको होटललाई दैनिक २० वटा कुखुरा बिक्री गर्छिन् । उनले दुईवटा बैंक खाता खोलेकी छन् । आम्दानीको केही हिस्सा नियमित बचत गर्दै परिवारको आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेकी छिन् ।

निर्मला खुसी हुंदै भन्छिन्, "अहिले म र मेरो श्रीमानले छोरीको विद्यालय शुल्कलगायतका घरायसी खर्च सहजै व्यवस्थापन गरिरहेका छौं ।"



# स्थानीय लैङ्गिक हिंसा सेवा प्रदायकहरूको सुदृढीकरण र पीडितहरूलाई सहायता

लैङ्गिक हिंसा पीडितहरूले न्यायमा पहुँच पाएको र आफ्ना अधिकारका बारेमा बुझेको सुनिश्चित गर्दै परियोजनाले कानूनी सहायतालाई प्राथमिकता दियो । लैङ्गिक हिंसा पीडितहरूका अधिकार र उत्थानशीलतालाई मूलप्रवाहीकरण गर्न अन्तरसम्बन्धित (क्रस-कटिङ) अवधारणा अवलबन गरिएको थियो ।

२५ जना पीडितले कानूनी सहायता र मनोसामाजिक परामर्श प्राप्त गरे भने ४२ जनालाई कानूनी प्रक्रिया, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) का सेवा र प्रेषण संयन्त्रहरूका बारेमा तालिम दिइएको थियो । केही पीडितले आफ्नो उत्थानशीलता अभिवृद्ध गर्न वित्तीय साक्षरता तालिम र अनुदान सहायता पनि प्राप्त गरे ।

यसैगरी, सेवा प्रदायकहरूलाई पीडितमुखी अवधारणा बमोजिम आचार संहिता विकास तयार गर्न आवश्यक सहयोग प्रदान गरिएको थियो । साथै, यौन तथा प्रजनन स्वास्थ्य र परामर्श सेवा अभिवृद्धि गर्न युवामैत्री परामर्श सेवा केन्द्र स्थापना गर्न स्वास्थ्य संस्थालाई सहयोग गरियो ।

## पीडितदेखि उद्यमीसम्म

कर्णाली प्रदेशको दैलेख जिल्लास्थित डुङ्गेश्वर गाउँपालिका-६ की माया* आज एउटा सफल होजरी (ऊनीको कपडा बुन्ने) व्यवसाय गर्दै आएकी छिन् । उनले पाँचजना विद्यार्थीलाई तालिम पनि दिएकी छिन् । उनी आफ्नो व्यवसाय विस्तार गर्न चाहेकी छिन् ।

मायाले एक वर्षअघिसम्म पनि आफू उद्यमी बन्ने कल्पना गरेकी थिइनन् । घरेलु हिंसा पीडितका रूपमा उनी आफ्ना दुई छोरालाई लिएर माइत गइन् । श्रीमानको बेवास्ता र सासु-ससुराको दुर्व्यवहारले उनलाई घर छोड्ने एउटा अप्रिय निर्णय लिन बाध्य बनायो ।

“श्रीमानले मलाई र छोराहरूलाई हेला गर्न थालेपछि मैले जीवनमा अत्यन्तै ठूलो दुःखकष्ट झेल्नुपर्‍यो । श्रीमानबाट केही पनि सहयोग नलिई म माइत गएँ । श्रीमानबाट अलग भएपछि



आफ्नै र छोराहरूको जीविकोपार्जनका लागि मैले नदी किनारमा भएको निर्माणकार्यमा श्रम गरें," माया सम्झिन्छिन् ।

एक दिन सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) ले मलाई सम्पर्क गरी युवा-नेतृत्वको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजना अन्तर्गत सञ्चालन हुने वित्तीय साक्षरता कक्षाका बारेमा जानकारी गरायो ।

यसप्रति जिज्ञासु हुँदै मैले तीन महिने तालिम सहभागी हुने निर्णय गरें । कक्षा लिने क्रममा मेरो श्रीमानले ममाथि गरेको अन्यायका बारेमा छलफल गर्ने मौका पाएँ । त्यसपछि सीमान्तकृत महिलाहरूका लागि महिला संस्थाले मलाई सम्बन्धविच्छेद गर्न र श्रीमानबाट क्षतिपूर्ति दिलाइदिन आवश्यक कानूनी सहायताका लागि स्थानीय वडासँग मिलेर काम गऱ्यो । अन्ततः म मेरा बच्चाहरूका लागि क्षतिपूर्ति पाउन सफल भएँ । मैले हाल उनीहरूको खर्च र शिक्षाका लागि श्रीमानबाट मासिक रू. ८,००० प्राप्त गर्छु ।

वित्तीय साक्षरता कक्षाले मेरो समस्यालाई सम्बोधन मात्र गरेन, मलाई व्यवसाय कसरी चलाउने, लगानीको महत्व र किन बचत गर्ने भन्ने कुरा पनि सिकायो । यसअघि मलाई मेरो क्षेत्रमा रहेका विभिन्न वित्तीय संस्था र सहकारीबारे ज्ञान थिएन । अहिले यसबारेमा थाहा पाएर बैंक खाता खोलेकी छु । वित्तीय साक्षरता कक्षा पूरा गरेको केही समयपछि मैले परियोजनाद्वारा आयोजित करियर परामर्श कार्यशालामा भाग लिने अवसर पाएँ ।

कार्यशालामा मैले आफ्नो करियर का लागि व्यवसाय छनौट गर्ने मेरो रूचि व्यक्त गरें । मैले फुर्सदको समयमा युट्युब हेरेर सिकेको स्वेटर र झोला बुन्ने काम गरें । होजरी व्यवसाय सुरु गर्नु मेरो लागि उपयुक्त हुनेछ भन्ने मलाई लाग्यो । हातले मात्र बुन्न जानेको भएपनि मेसिनको प्रयोग गरेर ऊनी स्वेटर र झोला धेरै संख्यामा उत्पादन गर्न सकिन्छ भन्ने महसुस गरें । WAM का कर्मचारीहरूको सहयोगमा मैले "हाते होजरी" व्यवसायका लागि एउटा व्यावसायिक योजना तयार गरें ।

त्यसपछि पालिका र WAM ले हामीलाई उत्कृष्ट व्यवसायायिक प्रस्तावले रू. ७००,००० सम्मको अनुदान प्रदान गर्न सक्ने जानकारी दिए । एउटा सिलाइ बुनाइ मेशिन खरिद गरी होजरी व्यवसाय सञ्चालन गर्ने उद्देश्यका साथ मैले रू. ३००,००० अनुदान माग गर्दै एउटा प्रस्ताव सहित आवेदन पेश गरें । यसै क्रममा मैले अनुदान सहायताका लागि आफू छनौट भएको खबर पाएँ ।

छनौट भएपछि मैले उद्यमशीलता विकास तालिममा भाग लिने अवसर पाएँ । तालिममा मैले प्रभावकारी व्यावसायिक प्रस्ताव तयार गर्ने, वस्तुको बजारीकरण गर्ने र आपूर्तिकर्ता र ग्राहकहरूसम्म पुग्ने तरिका सिकें ।

WAM बाट मेरो प्रस्तावको विस्तृत समीक्षा भएपछि मैले अनुदान प्राप्त गरें । मैले रू. १००,००० चारवटा होजरी मेसिन खरिद गर्न र रू. २००,००० सिलाई बुनाइ सम्बन्धी सामग्री र पसल स्थापना गर्न खर्च गरें । म मेरो परिवारको शटरयुक्त कोठामा पसल राखेकी छु ।

एउटा सफल व्यवसाय सञ्चालन गर्दै उनले आफ्नो पढाइलाई पनि अगाडि बढाइरहेकी छिन् ।

"शिक्षाको महत्व राम्ररी नबुझी चाँडो विवाह गर्नु मेरो गल्ती थियो । वित्तीय साक्षरता कक्षामा भाग लिएपछि म फेरि विद्यालय जान थालें र १० कक्षा सक्काएर अहिले नतिजाको पर्खाइमा छु । पढाइलाई अझ अगाडि बढाउने योजनामा छु," माया भन्छिन् ।

आज, मायाले मासिक रू. १५,००० जति नाफा कमाउँछिन् । उनले यसलाई दैलेखबाहिर बसेर पढ्ने छोराको शिक्षा र अझ राम्रो अवसरका लागि खर्च गर्छिन् । साथै, उनले भारत र दैलेखबाहिरका अन्य जिल्लाहरूमा आफ्नो व्यवसायिक सम्पर्क बढाएकी छिन् । त्यहाँ उनले उत्पादन गरेका वस्तुको माग बढेको छ ।

उनले आफ्नो बुबालाई सडक किनारामा खाजा पसल खोल्न प्रोत्साहित गर्नुका साथै दाजुलाई भारत छाडेर नेपालमै बस्न मनाइन् । हाल, उनको दाजु नाईको रूपमा काम गर्छन् । फूर्सदको समयमा मायाको व्यवसायमा पनि सहयोग गर्छन् ।

उनी आफ्नो समुदायका अन्य बेरोजगार युवा र लैङ्गिक हिंसा पीडितहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग गर्न चाहन्छिन् ।

*गोपनीयता कायम राख्न नाम परिवर्तन गरिएको छ ।

## युवा परामर्श सेवा केन्द्रः यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा पहुँचको सुनिश्चितता

१० वर्षभन्दा बढी कार्य अनुभव भएका स्वास्थ्यकर्मी तर्क राज जोशीले किशोरकिशोरीहरूले यसअघि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयमा परामर्श लिन हिचकिचाउने गरेको बताए । तर, दशरथचन्द नगरपालिका वडा नम्बर ६ स्वास्थ्य चौकीमा युवा परामर्श सेवा केन्द्र (युथ कर्नर) स्थापना भएपछि किशोरकिशोरी (विशेषगरी महिला) आउने क्रम उल्लेख्य रूपमा बढेको छ । "युवा परामर्श सेवा केन्द्र स्थापना भएपछि विगत एक वर्षको अवधिमा करिब १०२ जना युवाले स्वास्थ्य चौकीमा आएर परामर्श लिएका छन्," उनले थपे ।

युवा परामर्श सेवा केन्द्रले यौन तथा प्रजनन स्वास्थ्यका बारेमा जानकारी प्रदान गर्नुका साथै महिनावारी र प्रजनन स्वास्थ्यसँग सम्बन्धित सरोकारहरूलाई सम्बोधन गर्ने र सुरक्षित यौन र स्वच्छता अभ्यासबारे परामर्श प्रदान गर्दछ ।

युवा परामर्श सेवा केन्द्रमा चारजना पूर्णकालीन कर्मचारी छन् - एक स्वास्थ्यकर्मी, दुई नर्स र एक सहयोगी कर्मचारी ।

स्वास्थ्य चौकीमा बिरामीको गोपनीयतालाई उच्च प्राथमिकता दिइएको छ । बिरामीको गोप्य रूपमा दर्ता गरी नर्सको सहयोगमा परामर्श प्रदान गरिन्छ ।



युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजनाले स्वास्थ्य चौकीको पूर्वाधारमा उल्लेख्य सुधार गरी फर्निचर, चिकित्सा उपकरण, अपाङ्गता ऱ्याम्प र सुधारिएको शौचालय जस्ता आवश्यक सुविधाहरू उपलब्ध गराएको छ ।

"परियोजनाबाट प्राप्त सहायताले युवाहरूका लागि थप सहज र पहुँचयोग्य वातावरण सिर्जना गर्न मद्दत गरेको छ, जसका कारण उनहरूले सुरक्षित रूपमा स्वास्थ्य सेवा प्राप्त गर्न सकेका छन्," तर्क राज जोशीले भने ।



## एकद्वार सङ्कट व्यवस्थापन केन्द्र मार्फत लैङ्गिक हिंसा पीडितको सुरक्षा सुनिश्चित गरिँदै



बैतडी जिल्ला अस्पतालमा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रकी घटना व्यवस्थापक (केस मेनेजर) सरस्वती लेखकले लैङ्गिक हिंसा पीडितहरूलाई कानुनी सहायता प्रदान गर्ने कार्यमा युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजनाको महत्वपूर्ण भूमिकामाथि प्रकाश पारिन् ।

"विशेषगरी पीडितहरूले एक्लोपन, धम्की र आधारभूत आवश्यकताको अभाव सामना गर्नुपर्ने लगायतका आपतकालीन अवस्थामा परियोजनाको सहयोग महत्वपूर्ण रहन गयो," सरस्वतीले भनिन् ।

परियोजनासँगको सहकार्यले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई पीडितहरूका तत्कालीन आवश्यकता सम्बोधन गर्दै आपतकालीन सहायताको खाँचो परेका उनीहरूलाई प्रेषण सेवा प्रदान गर्न सक्षम बनाएको छ ।

अस्पतालका एकद्वार सङ्कट व्यवस्थापन केन्द्र प्रमुख डा. सुरज नेपालीले पीडितहरूका लागि जुत्ता चप्पल लगायतका आवश्यकताहरू सम्बोधन गर्नुपर्ने अनुभव गरिएको जानकारी दिए ।

"यी तत्कालीन आवश्यकताहरू सम्बोधन गर्न सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM) र अक्सफामले समयमै गरेको हस्तक्षेपकारी पहल महत्वपूर्ण भएको छ । पीडितहरूको सुरक्षा संरक्षण सुनिश्चित गर्न हामीसँग पर्याप्त कर्मचारी र स्रोत साधनको अभाव छ," डा. नेपालीले भने ।

एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) का लागि प्रत्यक्ष रूपमा दुईजना कर्मचारी नियुक्त गरेर सहयोग गरेकोमा डा. नेपाली नगरपालिकाको उत्तिकै प्रशंसा गर्छन् । उनले पीडितहरूको पुनर्लाभ र आर्थिक स्वतन्त्रता तथा मनोवैज्ञानिक स्वास्थ्यका लागि टेवा पुऱ्याउन दीर्घकालीन सहयोगको महत्वमाथि जोड दिए ।

यस परियोजनाले सुरक्षित आवास र खाँचोमा परेकाहरूलाई कानूनी सहायता प्रदान गर्ने संस्थाहरूसँग सहकार्य र समन्वय सुनिश्चित गर्न मद्दत गरेको छ ।



# युवा सञ्जाल गठन

कोभिड-१९ को महामारीले अवसरहरूलाई सीमित र युवालाई थप सीमान्तकृत गरी नेपाली युवाले सामना गर्नुपरेका चुनौतीहरू अझ धेरै बढाएको छ । युवालयको सहयोगमा दैलेख र बैतडी जिल्लामा स्थानीय युवा सञ्जालको स्थापना युवालाई सशक्तीकरण गरी उनीहरूका आवाज बुलन्द बनाउने एउटा महत्वपूर्ण रणनीतिका रूपमा देखा परेको छ ।

यी सञ्जालले युवालाई पालिका स्तरमा निर्णय प्रक्रियामा भाग लिन, स्थानीय समस्यालाई सम्बोधन गर्न र आफ्ना अधिकारको पैरवी गर्न एउटा मञ्च प्रदान गरेको छ । सञ्जालले लैङ्गिक समानतायुक्त र समावेशी समुदायलाई बढावा दिन पनि महत्वपूर्ण भूमिका खेलेका छन् ।

सञ्जालको स्थापनाले नेपालमा अझ बढी युवा-समावेशी भविष्यको मार्ग प्रशस्त गरेको छ । यसले युवालाई आफ्नो समुदायको विकास र सकारात्मक परिवर्तन ल्याउन सक्षम बनाउनेछ । स्थानीय सरकार र युवालयबीचको सहकार्यले यी सञ्जालको सरकारात्मक प्रभाव र दिगोपना सुनिश्चित गरेको छ ।

## नगरपालिकाका लागि रणनीतिक साझेदार भएर युवा उदय

पाटन नगरपालिका युवा सञ्जाल युवा सशक्तीकरणको लागि एउटा शक्तिशाली समूहका रूपमा उदाएको छ । एक पुरूष अध्यक्ष र एक महिला सह-अध्यक्षको नेतृत्वमा रहेको ११ सदस्यीय सञ्जाल युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजनाको सहयोगमा गठन भएको हो ।

सञ्जाल गठन हुनुअघि नगरपालिकाका युवालाई निर्णय प्रक्रिया र सामुदायिक पहलहरूमा भाग लिने अवसरहरूको अभाव थियो । हालसालै तर्जुमा गरिएको युवा परिषद निर्देशिका बमोजिम सञ्जालले युवा सहभागिताका लागि एउटा मञ्च प्रदान गरी उनीहरूको उपस्थिति र प्रभाव उल्लेख्य रूपमा बढाएको छ ।

पाटन नगरपालिका युवा सञ्जालका अध्यक्ष सञ्जय भण्डारीले सञ्जालको गठनले महत्वपूर्ण प्रभाव पारेको बताए ।

“परियोजना कार्यान्वयनमा आउनुपूर्व वडा वा नगरपालिका स्तरमा युवा सञ्जालको कुनै संरचना थिएन । युवा परिषद् निर्देशिका बमोजिम नवगठित सञ्जालले युवालाई सांस्कृतिक, राजनीतिक र सामाजिक कार्यक्रमहरूमा सहभागी हुने अवसर प्रदान गरी सशक्त बनाएको छ,” सञ्जयले भने ।

सञ्जय थप्छन्, “हाम्रा युवा सदस्यहरू अहिले विभिन्न उपभोक्ता समितिमा सक्रिय रूपमा सहभागी भई वडा र नगरपालिका स्तरका विकास परियोजनाहरूमा युवाको हितका लागि पैरवी गरिरहेका छन् । विगतमा विशेषगरी खेलकुद क्षेत्रमा बजेट बिनियोजन नगरी युवालाई बेवास्ता गरिन्थ्यो । अहिले युवा सञ्जालका सदस्यहरूले नगरपालिकामा परियोजना प्रस्ताव पेश गरिरहेका छन् । युवा क्षमता अभिवृद्धि कार्यक्रमका लागि रकम विनियोजन गर्न नगरपालिकाले त्यसलाई सकारात्मक रूपमा ग्रहण गरेको छ ।”

पाटन नगरपालिकाका युवाहरूले युवा सञ्जाल निर्माण गरेर मात्र नभई क्षमता अभिवृद्धिका अवसरहरू मार्फत पनि यस परियोजनाबाट उल्लेखनीय लाभ उठाएका छन् । यी अवसर हरूमा संघीय तथा स्थानीय नीति संवाद, सुशासन र छाया शासन (स्याडो गभर्नेन्स) प्रशिक्षणमा सहभागिता छन् । यसले युवालाई स्थानीय शासनको भूमिका, कार्य, संयन्त्र र बजेट प्रक्रियाहरूका बारेमा विस्तृत बुझाइ प्रदान गरेको छ ।

वडा नं. २ र ४ ले बिनियोजन गरेको युवा लक्षित बजेट एउटा महत्वपूर्ण उपलब्धि हो । परियोजनाको क्षमता विकास कार्यक्रम

मार्फत सशक्तीकरण गरिएको युवा सञ्जालका सदस्यहरूले स्थानीय युवालाई सुशासनका बारेमा शिक्षित गर्न नमूना संसद सञ्चालनका लागि बजेट प्राप्त गरेका छन् । स्थानीय युवा, नगरपालिकाका प्रतिनिधि र अन्य सरोकारवालाहरूको सहभागिता रहेको यो सफल पहलकदमीले युवा क्षमता सुदृढ बनाएको छ । साथै, युवा दिवस २०८१ का अवसरमा प्रथम युवा सम्मेलन आयोजना गरियो । यसले युवाका समस्याहरूलाई सम्बोधन गर्दै र सेवा तथा अवसरमा बढ्दो पहुँचका लागि पैरवी गऱ्यो । सञ्जालले संघीय तहको नीति संवादमा आधारित पैरवी बडापत्र तयार गरी नेपाल युवा परिषद र पाटन नगरपालिका समक्ष पेश गरेको छ ।

युवा सञ्जालले महत्वपूर्ण प्रगति हासिल गरिरहेको छ । नगरपालिकाले स्थानीय शासनमा युवा सहभागिताको महत्वलाई क्रमशः स्वीकार गर्दै गएको अवस्था छ । विभिन्न विशेषज्ञता भएका व्यक्तिहरू मिलेर बनेको सञ्जाल सङ्कटासन्न समुदायको सहयोगका लागि यी सीपहरूको उपयोग गर्न प्रतिबद्ध छ ।

युवा सञ्जालकी सह-अध्यक्ष चन्द्रिका भट्टले आफ्नो भूमिकाको महत्वपूर्ण प्रभावमाथि प्रकाश पार्दै भनिन्, "पहिले म सामुदायिक क्रियाकलापमा संलग्न थिइनँ । सञ्जालको सह-अध्यक्ष भएपछि सार्वजनिक रूपमा बोल्ने मेरो कला बढेको छ र यसले मलाई आत्मविश्वासी बनाएको छ । अहिले म महिला तथा बालिकाको थप समावेशी र समतामूलक भविष्यका लागि सशक्तिकरण गर्न नेतृत्वदायी पदहरूमा धेरैभन्दा धेरै महिला प्रतिनिधित्वको पैरवी गर्दैछु ।"



# रिफ्लेक्ट (REFLECT)

रिफ्लेक्ट कक्षा युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजनाको एउटा महत्वपूर्ण भाग हो । आत्म-चिन्तन, समालोचनात्मक सोच र व्यक्तिगत विकासलाई प्रवर्धन गर्ने अभिप्रायले शैक्षिक कार्यक्रमको रूपमा रहेको रिफ्लेक्ट कक्षाको डिजाइन गरिएको हो ।

रिफ्लेक्ट कक्षाले आत्म-चिन्तनलाई प्रोत्साहित गरी युवालाई उनीहरूका सबल र दूर्बल पक्षहरूको पहिचान गर्न, व्यक्तिगत लक्ष्य निर्धारण गर्न र समस्या समाधानका प्रभावकारी उपाय खोज्न मद्दत गर्दछ ।

समालोचनात्मक सोचको माध्यमबाट युवाले सूचनाको विश्लेषण, तर्कहरूको मूल्याङ्कन र सुसूचित निर्णय गर्न सिक्छन् । लैङ्गिक हिंसा र यौन तथा प्रजनन स्वास्थ्य अधिकार जस्ता जटिल सामाजिक समस्यालाई सम्बोधन गर्न यो सीप आवश्यक पर्छ ।

व्यक्तिगत विकासलाई बढावा दिंदै रिफ्लेक्ट कक्षाले युवालाई समानुभूति, उत्थानशीलता र नेतृत्व कौशल विकास गर्न मद्दत गर्दछ । यी सीपहरू बलियो सम्बन्ध निर्माण गर्न, चुनौतीहरू पार गर्न, र समुदायमा सकारात्मक योगदान गर्न महत्वपूर्ण मानिन्छन् ।

विगत दुई वर्षको अवधिमा रिफ्लेक्ट कक्षाका बारेमा कुल ४० वटा कक्षा सञ्चालन गरियो । कक्षामा ५०० जना युवा सहभागी भए । यस कार्यक्रमले यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, लैङ्गिक हिंसा, र सामुदायिक स्रोत साधन तथा र अवसरहरूका बारेमा युवाहरूको बुझाइ उल्लेख्य रूपमा बढाउन मद्दत गऱ्यो ।

## रिफ्लेक्टः युवा-नेतृत्वमा शिक्षा र विकास

दशरथचन्द नगरपालिका-५ की २६ वर्षीया माया भट्ट मास्टर अफ बिजनेस स्टडीज (एमबीएस) दोस्रो सेमेस्टरमा अध्ययनरत छिन् । उनले यस परियोजनामा रिफ्लेक्ट कक्षा सञ्चालनका लागि सहजकर्ताको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गरिन् । आठ महिनाको अवधिमा उनले ६५ वटा कक्षा सञ्चालन गरिन् । प्रत्येक कक्षामा १४-१५ जना व्यक्ति सहभागी थिए ।

मायाको प्रयासले सामुदायिक मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याई महिलाको मासिक धर्मलाई कलंकका रूपमा लिइने लगायतका परम्परागत प्रथामा उल्लेखनीय कमी ल्याउन योगदान गरेको छ ।



"हाम्रो समुदायले हाई स्कूल पढ्दा पढ्दै छोड्ने दर र युवाहरूमाझ लागुपदार्थको दुरुपयोग जस्ता चुनौतिहरूको सामना गरिरहेको छ," मायाले बताइन् ।

उनी अगाडि भन्छिन्, "एक सहजकर्ताको रूपमा मैले लागुपदार्थ र मदिरा दुर्व्यसनसंग संघर्ष गरिरहेका धेरै विद्यार्थीको पहिचान गरी उनीहरूलाई रिफ्लेक्ट कक्षाहरूमा सहभागी हुन प्रोत्साहित गरें । कक्षा पूरा गरेपछि मैले उनीहरूको व्यवहार र मनोवृत्तिमा सकारात्मक परिवर्तन आएको पाएँ । उनीहरूको घरायसी काममा बढ्दो संलग्नता पनि पाइएको छ । तर, उनीहरू अझै विद्यालय फर्किएका छैनन् ।"

रिफ्लेक्ट कक्षाले व्यक्तिगत तथा व्यावसायिक विकासलाई बढावा दिंदै सहभागीहरूमा गहिरो प्रभाव पारेको छ । सार्वजनिक भाषण र प्रस्तुतिको अवसर प्रदान गरिएको कारण आत्मविश्वासी वक्ता बनेका छन् । तरकारी खेती, मौसमी पात्रो र यौनजन्य तथा लैङ्गिक हिंसाको रोकथाम जस्ता मुख्य विषयहरूमा केन्द्रित रही सहभागीहरूलाई अमूल्य ज्ञान र सीप प्रदान गरिएको छ ।

मायाले भन्छिन्, "सहजकर्ताको हैसियतले मलाई पनि फाइदा भएको छ । सार्वजनिक भाषण र प्रस्तुतिमा अनुभव सँगालेकी छु । रिफ्लेक्ट कक्षा युवाहरूका लागि ठूलो अवसर हो र यसलाई निरन्तरता दिनु आवश्यक छ ।"

रिफ्लेक्ट कक्षामा सहभागी २२ वर्षीय सुनिल भट्टले कक्षाको सकारात्मक प्रभावमाथि प्रकाश पारे । उनले यस कार्यक्रमले पढाइमा कमजोर भएकै कारण विभेदको सामना गरेका विद्यार्थीहरूलाई सहयोगी वातावरण प्रदान गरेको बताए ।

"व्यक्तिगत रूपमा मैले लैङ्गिक विभेद र समानताका बारेमा राम्रो बुझाइ प्राप्त गरेकोले कक्षाबाट लाभान्वित भएको छु । कक्षाको सहजीकरण गरेकोमा मायाप्रति आभारी छु । म अहिले सक्रिय रूपमा मेरो परिवार र समुदायमा लैङ्गिक असमानताविरूद्ध लडिरहेको छु," सुनिलले थपे ।



# मेन्टरशिप

परियोजनाको मेन्टरशिप संगी (समकक्षी) मेन्टरशिपमाथि केन्द्रित गरिएको थियो । समान अनुभव, पृष्ठभूमि, वा एकअर्काको विकास, सिकाइ, र लक्ष्य प्राप्तिमा योगदान दिन सक्ने ज्ञान भएका व्यक्तिहरूबीचको सम्बन्ध नै संगी (समकक्षी) मेन्टरशिप हो ।

दुई वर्षको अवधिमा कुल १६ महिना मेन्टरशिप सत्र सञ्चालन गरिएको थियो । ३२ जना मेन्टरको मार्गदर्शनमा सञ्चालन गरिएको सत्रमा १३१ महिला सहित २०५ जना मेन्टी सहभागी भए ।

मेन्टरशिप कार्यक्रमले मेन्टरहरूको नेतृत्व कौशल, समानुभूति र सञ्चार क्षमता अभिवृद्धि गर्नुका साथै मेन्टीहरूका आत्मविश्वास बढाउन र दृष्टिकोण फराकिलो बनाउन योगदान गर्‍यो । यसले अपनत्वको भावना, बढ्दो सहभागिता र समस्या समाधान गर्ने क्षमताहरू पनि सुदृढ बनायो ।

## परिवर्तनका लागि मेन्टरिङ

दशरथचन्द नगरपालिका-५ की २२ वर्षीया कृषि संकायकी छात्रा निशा दमाईले युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परियोजना अन्तर्गत मेन्टरशिप कार्यक्रममा ११ जना युवालाई मेन्टर गरिन् ।

निशा भन्छिन्, "मैले विद्यालय छोड्ने, महिलाको महिनावारी स्वास्थ्य र कुलत जस्ता मुख्य समस्या सम्बोधन गर्न ध्यान केन्द्रित गरें । मैले एक जना महिला मेन्टीलाई अनियमित महिनावारीको औषधोपचार गराउन र अर्को एकजनालाई मोबाइल गेमिङको लतबाट मुक्त हुन प्रोत्साहन गरें । यसैगरी, मैले मेन्टीहरूलाई सार्वजनिक भाषणमा आत्मविश्वास बढाउन सहयोग गरेकी छु ।"

निशाले मेन्टरशिप कार्यक्रमले मेन्टीहरूलाई लाभान्वित मात्र नगरी उनको आफ्नो जीवनमा सकारात्मक परिवर्तन पनि ल्याएको बताइन् । उनले आफ्नो लजाउने स्वभावमा सुधार ल्याई अरूसँग घुलमिल हुने आत्मविश्वास विकास गरिन् । उनले युवा विकासमा सहयोग पुर्‍याउन यस्ता पहललाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याइन् ।

कार्यक्रमले युवाहरूलाई स्वास्थ्य, कानूनी हक र व्यावहारिक आवश्यकता सम्बन्धी अत्यावश्यक सूचना र सेवाहरूमा पहुँच प्रदान गरी सशक्त बनाएको छ ।

निशाका मेन्टीहरूमध्येका १८ वर्षीय मनिष परियारले मेन्टरशिप कार्यक्रमले कसरी आफ्नो जीवनमा परिवर्तन ल्यायो भन्ने बारेमा अनुभव सुनाए । पहिले मोबाइलको लतका कारण उनले आफ्नो पढाइ र सामाजिक जीवनलाई बेवास्ता गरे । निशाको निरन्तर सहयोग र परामर्शले उनलाई त्यो लत हटाउन र आवश्यक जीवन कौशल विकास गर्न मद्दत गर्‍यो ।

मनिषले भने, "मलाई मोबाइल गेमिङको यति लत लागेको थियो कि, म खाना खान पनि बिर्सिन्थे ।"

"निशाले मलाई आठ महिनासम्म हप्तामा दुई पटक भेट्नुभयो । त्यसबेलादेखि म पूर्ण रूपमा परिवर्तन भएको छु । मैले मेरो मोबाइल गेमिङ दिनको दुई घण्टाका लागि मात्र सीमित गरेको छु । तपाईंले मेरो आत्मविश्वासको स्तर धेरै बढेको देख्न सक्नुहुन्छ," मनिषले थपे ।

आज, मनिष जिम्मेवारीपूर्वक प्रविधिको प्रयोग गर्छन् । उनले सामाजिक अन्तरक्रियामा आत्मविश्वास समेत बढाएका छन् ।



# पुरूष रोल मोडेल

परियोजनाको पुरूष रोल मोडेलले लैङ्गिक समानता, महिला अधिकारको पक्षमा पैरवी, परम्परागत लैङ्गिक मान्यतामा परिवर्तन, र सबै लिङ्गका लागि समान अवसरहरू प्रदान गराउने कार्यमा उल्लेख्य योगदान गरेका व्यक्तिहरूद्वारा सहजीकरण गरिएको व्यवहार परिवर्तन सत्रहरूमाथि केन्द्रित छ । यसले विशेषगरी १६-३० वर्ष उमेरका युवामाथि लक्षित गरी उनीहरूलाई प्रेरित गर्ने पुरूष रोल मोडेलबाट सिक्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बारेमा छलफलमा सहभागी अवसरहरू प्रदान गर्छ ।

बैतडी जिल्लाको दशरथचन्द नगरपालिका र पाटन नगरपालिका, र दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका र भगवतीमाई गाउँपालिकाका ५०७ युवा समेटी परियोजना अवधिभर १२ वटा सत्र सञ्चालन गरिएको थियो ।

कार्यक्रममा आफ्नो कार्य र पैरवी मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्न सक्रिय योगदान गरेका स्थानीय पुरूष रोल मोडेलहरूलाई प्रस्तुत गरिएको थियो । आफ्ना व्यक्तिगत कथा एवं अनुभव साझा गर्दै यी रोल मोडेलहरूले सहभागीहरूलाई लैङ्गिक भूमिकाहरूको दृष्टिकोण बदल्न र दैनिक जीवनमा थप समावेशी अभ्यासहरू अवलम्बन गर्न प्रेरित गरे ।

यस पहलको उद्देश्य समाजमा जरो गाडेको पितृसत्तात्मक मूल्यमान्यतालाई चुनौती दिन, हानिकारक पुरूषत्व उन्मूलन गर्न र घरपरिवार तथा समुदायभित्र परम्परागत लैङ्गिक भूमिका र जिम्मेवारीहरूलाई पुनः परिभाषित गर्नु रहेको थियो । सान्दर्भिक र प्रभावकारी कहानी सुनाउँदै कार्यक्रमले सहभागीहरू विशेषगरी समुदायका पुरूष सदस्यहरूमा सचेतना अभिवृद्धि गरी व्यवहार परिवर्तन गर्न उत्प्रेरित गर्ने लक्ष्य लिएको थियो ।

## परिवर्तनको संवाहकका रूपमा पुरूष

दशरथचन्द नगरपालिका-११ का २१ वर्षीय करण दत्त पन्त लैङ्गिक समानता प्रवर्धन गर्न र हानिकारक सामाजिक मान्यतालाई चुनौती दिन पुरूष रोल मोडेलले महत्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास गर्छन् ।

उनले भने, "पुरूष रोल मोडेलको प्रस्तुती रहने सत्रले पुरूषहरूलाई सबैसामु आफ्ना अनुभव बताउन र भेदभावपूर्ण अभ्यासविरूद्ध लड्न अरूलाई प्रेरित गर्न मञ्च प्रदान गर्दछ ।"

करण स्वयं पनि महिलाको मासिक धर्मलाई कलंकका रूपमा हेरिने सामाजिक मान्यताबाट परेको नकारात्मक प्रभावमाथि प्रकाश पार्ने एकजना पुरूष रोल मोडलबाट प्रभावित भएका थिए । यो अनुभवले आफ्नो दृष्टिकोण परिवर्तन गरी महिनावारी स्वास्थ्यको महत्व बुझ्न र भेदभावपूर्ण अभ्यासहरूविरूद्ध लड्न प्रेरित गर्‍यो ।

करणले आफ्नो रोल मोडेलको परिवारको तुलनामा आफ्नो परिवारमा महिनावारी हुँदा महिलालाई कसरी व्यवहार गर्ने भन्नेमा एकदमै भिन्नता रहेको पाए ।

"मेरो रोल मोडेलको परिवारका महिला र किशोरीलाई महिनावारीको समयमा भेदभाव र दुर्व्यवहार गरिएको थिएन । महिलाको महिनावारी हुँदा पनि सबैजना मिलेर काम गरिरहेको मैले देखेको छु," करणले भने ।

यी समावेशी अभ्यासहरूबाट प्रेरित भई करणले आफ्नै परिवारमा हुने भेदभावपूर्ण मान्यताहरूलाई चुनौती दिन थाले । उनी अहिले आफ्नो पढाइलाई अगाडि बढाउन घरबाट टाढा भाडाको कोठामा एक्लै बस्छन् । महिलाको मासिक धर्म चक्रप्रति सम्मान देखाउँछन् । पूर्वाग्रहबिना सँगै बस्छन्, खाना खान्छन् ।



# चुनौती र सिकाइ

**शबनम पोखरेल, प्राविधिक संयोजक / अक्सफाम नेपाल**

लैङ्गिक समानता तथा सामाजिक समावेशितासम्बन्धी कानून र नीतिका दृष्टिले नेपाल निकै प्रगति गरेको भएपनि यसको प्रभावकारी कार्यान्वयन भने चुनौतीपूर्ण नै रहेको छ । नेपालको शासनस्तरमा देखिएको एउटा मुख्य कमी कमजोरी (खाडल) भनेको केन्द्रीय तहका नीति तथा योजना कार्यान्वयन स्थानीय तहसम्म पुग्न नसक्नु हो । मैले अनुभव गरेको अन्य अर्को कमजोरीमध्ये एउटा भनेको लैङ्गिक उत्तरदायी बजेटलाई महिला र पुरूषहरूका सङ्कटासन्नतामाथि केन्द्रित गरी सोही अनुरूप क्रियाकलापहरू कार्यान्वयनका लागि कसरी खर्च गर्न सकिन्छ भन्ने बारेमा पर्याप्त क्षमता विकास नहुनु रहेको छ ।

"कर्णाली प्रदेशको दैलेख र सुदूरपश्चिम प्रदेश बैतडीमा काम गरेको मेरो अनुभवका आधारमा लैङ्गिक रूपान्तरण र युवा नेतृत्वको दृष्टिकोणबाट समुदायमा परिवर्तन ल्याउन यी दुवै स्थानीय सरकार उत्तिकै सहयोगी रहेको पाएकी छु । नीतिहरू कार्यान्वयन गर्न स्थानीय सरकारमा स्पष्टताको कमी रहेको कारण क्षमता विकासमा चुनौती रहको छ । यो परियोजनाले स्थानीय सरकारलाई दैलेख र बैतडीका चारवटै लक्षित पालिकामा नीतिलाई योजनामा समावेश गरी स्थानीय युवा सञ्जाल गठन गर्न सहयोग गरेको छ । यो परियोजना कार्यान्वयनमा आउनुअघि यसको कमी थियो । परियोजना अवधिको अन्त्यमा यसले स्थानीय शासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र यसको कार्यान्वयन आवश्यक छ र युवाहरूलाई पनि शासन योजना तर्जुमा तथा विकास निर्माण प्रक्रियामा रणनीतिक साझेदारको रूपमा समावेश गर्नुपर्छ भन्ने बुझाइमा एउटा तहको परिवर्तन ल्याएको छ ।

नेपालकै सबैभन्दा पिछडिएको प्रदेशका भए पनि दुवै जिल्लाका युवामा उल्लेख्य उत्थानशीलता र सम्भावना रहेको छ । क्षमता विकासमा पहुँच आजका युवाहरू (महिला र पुरूष दुवै) का लागि एउटा ठूलो खाडल हो भन्ने थाहा पाएँ । नेतृत्व, संलग्नता र सहभागिताका लागि पुरुष, महिला र बालिकाहरूलाई तुलनात्मक रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ । महिला र बालिकाहरूको सांस्कृतिक तथा सामाजिक मान्यता सम्बन्धी अवरोधहरू अझै पनि छन् जसले उनीहरूलाई समर्थन गरिरहेको छ । जसका कारण उनीहरू खुलस्त हुन र अवसरहरूको खोज गर्न आफैंमा विश्वस्त हुन सकेका छैनन् । यो परियोजनाले लैङ्गिक रूपान्तरणको सन्दर्भमा केही परिष्कृत परिवर्तन ल्याएको छ, जुन मैले अनुगमन भ्रमणको क्रममा अनुभव गरेकी छु । महिलाहरूले व्यवसायको नेतृत्व गरिरहेका छन्, सार्वजनिक सञ्चारमा साहसी र आत्मविश्वासी हुन सिकेका छन् । सबैभन्दा महत्वपूर्ण कुरा वित्तीय साक्षरता, करियर परामर्श र वित्तीय क्षेत्रमा परियोजना क्षमता विकास मञ्चहरूमा अगाडि आई आफ्नै व्यवसाय स्थापना गरेर समुदायसामु उदाहरण बनेका छन् ।

लक्षित समूह छनौटका क्रममा मैले परियोजनाको विभिन्न चुनौतीपूर्ण पक्षहरूको सामना गरें । हामीले नागरिक समाजको हैसियतमा सधैं स्थानीय पालिकाहरूसँग समन्वय गर्नुपर्ने अवस्था छ । यसका फाइदा र बेफाइदा दुवै छन् । स्थानीय सरकारसँग नगर परियोजना परामर्श समिति (MPAC) को बैठक सञ्चालन गर्ने परियोजनाको अवधारणा र बारम्बारको समन्वयले सरकारलाई हाम्रो दृष्टिकोणप्रति सकारात्मक बनायो र हामी परियोजनाले चाहेको लक्ष्य समूहमा पुग्न सफल भयौं । तर, अझै धेरै गर्न बाँकी छ र यस प्रकारका परियोजनाहरू धेरै फलदायी साबित भएका छन्, जसलाई समुदायको क्षमता अभिवृद्धि र यसको विकास दुवैका लागि निरन्तरता दिइनुपर्छ ।"

**चुडामणि रिजाल, लैङ्गिक समानता तथा सामाजिक समावेशीता अधिकारी/सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (WAM)**

"युवा-नेतृत्वद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पहलमा परियोजनाले युवाहरूका लागि ठूलो अवसर प्रदान गर्‍यो, विशेषगरी महामारीबाट असमानुपातिक रूपमा प्रभावित भएका सीमान्तकृत समुदायका युवाहरूलाई ।

युवा उद्यमी, विशेषगरी महिलाहरूलाई वित्तीय सहायता उपलब्ध गराउनु यस परियोजनाको सबैभन्दा राम्रो पक्ष हो । यो सहायताले सीमान्तकृत समूहका महिलाहरूको सशक्तिकरण गरी उनीहरूलाई आफ्नै व्यवसाय स्थापना गर्न, आय आर्जन गर्न र परिवारको आर्थिक समुन्नतीमा योगदान गर्न सहयोग गरेको छ । यसले आयको समान वितरण गरी उनीहरूको

समुदायहरूमा रहेका परम्परागत लैङ्गिक भूमिकाहरूलाई चुनौति दिइरहेको छ ।

यस परियोजनाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) र सेफ हाउस सँगको समन्वयमा लैङ्गिक हिंसा पीडितहरूलाई कानूनी सहायता प्रदान गरेको छ । यस सहयताले पीडितहरूलाई कानूनी प्रक्रियामा जान र सुरक्षित आवास जस्ता आवश्यक सेवाहरू लिन मद्दत गऱ्यो । समुदायमा दिगो प्रभाव ल्याउन, सीमान्तकृत र सामाजिक रूपमा पछाडि परेका समुदायहरूका आवश्यकता सम्बोधन हुने दीर्घकालीन परियोजना सञ्चालन गरिनु आवश्यक छ ।"

## सोनिका कुँवर- दोस्रो समूह (कोहोर्ट) बाट युथ साउन्डिङ बोर्डकी सदस्य

"युथ साउन्डिङ बोर्डको एक सदस्यको हैसियतले परियोजनामा योगदान गर्न मैले दैलेख जिल्लाको भ्रमण गर्ने अवसर पाएँ । सो भ्रमणको दौरान सुरूमै मैले समुदायमा महिला तथा सीमान्तकृत समूहहरूले सामना गर्ने चुनौतीहरूका बारेमा बुझ्न पाए । यस अनुभवले विद्यमान चुनौतीहरूको समाधान गर्दै लैङ्गिक समानता र सामाजिक समावेशितालाई प्रवर्द्धन गर्न यस्ता पहलहरू अत्यन्त महत्वपूर्ण हुने तथ्यलाई स्पष्ट पाऱ्यो ।

परियोजनाको रिफ्लेक्ट कक्षा र अन्तरपुस्ता संवादहरूले महिला सशक्तिकरण तथा सीमान्तकृत समूहहरूको सरोकार र सुझावहरूबारे आवाज उठाउने अवसर प्रदान गऱ्यो । एक लैङ्गिक हिंसा पीडितले यी सत्रहरूमा आएपछि उनको वैवाहिक जीवनमा भईरहेको दुर्व्यवहार पहिचान गरी उक्त सम्बन्ध अन्त्य गर्ने साहस गर्नु यसको एउटा प्रमुख उदाहरण हो । उनको कथाले शिक्षा र चेतनाको रूपान्तरणकारी शक्तिको महत्वलाई स्पष्ट पार्छ । साथै, स्थानीय विद्यालयहरूमा सञ्चालित यौन तथा प्रजनन स्वास्थ्यका सत्रहरूले युवाहरूलाई, विशेष गरी किशोरीहरूलाई, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यक जानकारी प्रदान गऱ्यो । यी सत्रहरूले युवाहरूलाई सचेत निर्णय लिन र समाजका परम्परागत मान्यताहरूलाई चुनौती दिन सशक्त बनाएको छ ।

प्रगतिका बावजुद हामीले धेरै चुनौतीहरूको अनुभव र सामना गऱ्यौं । विशेषगरी पुरूषहरूमाझ लैङ्गिक हिंसा र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बारेमा छलफल गरिनु एउटा सांस्कृतिक कलंक मानिने भएकाले बृहत समुदायस्तरमा कार्यक्रम गर्न सम्भव भएन । त्यसैगरी, सुरूवाती दिनमा, बैठक भत्ता लगायतका आर्थिक प्रोत्साहन नरहेको कारण रिफ्लेक्ट कक्षामा सहभागिता हुने इच्छा नदेखिनुले दिगो प्रोत्साहन तथा सामुदायिक सहभागिता र तत्काल लाभको अपेक्षाबीच सन्तुलनको आवश्यकता रहेको देखियो ।

दैलेख भ्रमण मेरा लागि व्यक्तिगत रूपमा एक गहिरो अनुभव थियो । यसले मलाई ग्रामीण नेपालमा गहिरो जरा गाडेका सांस्कृतिक मान्यता र लैङ्गिक पूर्वाग्रहहरूसँग परिचित गरायो । यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सत्रहरूको सञ्चालन गर्दा मैले सानो स्तरमा भए पनि सामाजिक परिवर्तन ल्याउन युवाशक्तिले खेल्न सक्ने महत्वपूर्ण भूमिकाबारे अनुभव गर्न पाएँ । साथै, संकटहरू पार गरी आफ्नो जीवनको नियन्त्रण लिएका महिलाहरूका प्रेरणादायक कथाहरूले लैङ्गिक समानता र सामाजिक समावेशिताप्रतिको मेरो प्रतिबद्धतालाई अझ बलियो बनाउन मद्दत गऱ्यो ।"

अक्सफाम नेपाल
जावलाखेल-२०, ललितपुर, नेपाल
टेलिफोन: +९७७ (१) ५४३०५७४
इमेल: oxnepal@oxfam.org.uk,
वेबसाइट: www.nepal.oxfam.org
https://www.facebook.com/OxfamInNepal | https://www.instagram.com/oxfaminnepal